संघीय संसद
राष्ट्रिय सभा
चौधौं अधिवेशन
बैठक-६
सूचनापत्र-२
(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ०१:०१ बजे*
*बैठक स्थगित : ०३:३३ बजे*

२०८० जेठ ७ गते, आइतवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ०१:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" को तर्फबाट माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई **"सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० साल जेठ ५ गते शुक्रबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुहुँदा माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष प्रस्तुत गर्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि ३ जना माननीय सदस्यहरूबाट ३ वटा संशोधन प्रस्तावहरू प्राप्त हुन आएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका संशोधनकर्ता माननीय सदस्यहरूलाई आफ्नो संशोधन प्रस्ताव सहित छलफलमा भाग लिन समय उपलब्ध गराउनुभयो:

१. मा. तुलसा कुमारी दाहाल
२. मा. विमला घिमिरे
३. मा. माननीय बिमला राई पौड्यालको तर्फबाट भगवती न्यौपाने

त्यसपछि, सम्माननीय अध्यक्षले आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिने माननीय सदस्यहरूको नाम दलीय आधारमा प्राप्त भएको जानकारी गराउनुहुँदै देहाय बमोजिमका माननीय सदस्यहरूलाई क्रमशः समय उपलब्ध गराउनुभयो।

१. मा. गोपी बहादुर सार्की आछामी
२. मा. देवेन्द्र दाहाल
३. मा. जितेन्द्र नारायण देव
४. मा. राजेन्द्र लक्ष्मी गैरे
५. मा. खिमलाल देवकोटा
६. मा. महेश कुमार महरा
७. मा. शारदा देवी भट्ट
८. मा. नारायण दत्त मिश्र
९. मा. उदय बहादुर बोहरा
१०. मा. नारायण प्रसाद दाहाल
११. मा. भुवन बहादुर सुनार
१२. मा. गोपाल भट्टराई
१३. मा. राधेश्याम पासवान
१४. मा. प्रकाश पन्थ
१५. मा. सुरेश कुमार आलेमगर
१६. मा. इन्दु कडरीया
१७. मा. माया प्रसाद शर्मा

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट सम्वत् २०८० साल जेठ ५ गते शुक्रवारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित आर्थिक वर्ष २०८०/८१ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम नसकिएकोले आगामी बैठकमा समेत छलफल जारी रहने ब्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साल जेठ ८ गते सोमबार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव